# मुख्य नतिजा

१. **जनसंख्या (Population):** राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ साल मंसिर ९ गते) कर्णाली प्रदेशको जनसंख्या १६,८८,४१२ रहेको छ, जसमध्ये पुरूषको संख्या ८,२३,७६१ (४८.७९ प्रतिशत) र महिलाको संख्या ८,६४,६५१ (५१.२१ प्रतिशत) छ । जस अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरूषको संख्या ९५.२७ रहेको छ । गत २०६८ सालमा कुल जनसंख्या १५,७०,४१८ र लैङ्गिक अनुपात ९५.६९ थियो ।

२. **अन्य लिङ्गीको जनसंख्या (Other gender population):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ । कुल अन्य लिङ्गी मध्ये कर्णाली प्रदेशमा २.८ प्रतिशत रहेको छ ।

३. **वार्षिक जनसंख्या वृद्धिदर[1] (Average annual population growth rate):** कर्णाली प्रदेशको जनगणना अवधिको वार्षिक औसत जनसंख्या वृद्धिदर (Average annual population growth rate) ०.७० प्रतिशत रहेको छ । कर्णाली प्रदेशमा सबैभन्दा बढी बार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला सुर्खेत (१.६२ प्रतिशत) र सबैभन्दा कम बार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला दैलेख (-०.३५ प्रतिशत) रहेका छन् ।

४. **जनघनत्व (Population density):** जनगणनाको नतिजा अनुसार कर्णाली प्रदेशको जनघनत्व (प्रति वर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) ६० जना प्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा ५६ मात्र थियो । सबैभन्दा धेरै जनघनत्व सुर्खेत जिल्लामा (१६९ जना प्रति वर्ग किलोमिटर) र सबैभन्दा कम डोल्पा जिल्लामा (५ जना प्रति वर्ग किलोमिटर) रहेको छ ।

५. **बृहत उमेर समूह अनुसार जनसंख्या (Population by broad age group):** जनगणना अनुसार कर्णाली प्रदेशको कुल जनसंख्याको ५८.९ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन् । हाल १४ वर्ष वा सो भन्दा कम उमेरका र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः ३३.१ प्रतिशत र ८.० प्रतिशत रहेको छ ।

[1] Growth rate - Computed from exponential population growth formula

६. **परिवार संख्या (Number of households):** गत २०६८ सालको जनगणना अनुसार कर्णाली प्रदेशको परिवार संख्या २,९८,३५९ रहेकोमा हाल उक्त संख्या करिव २२.८ प्रतिशतले बढेर ३,६६,२५५ पुगेको छ। जसमध्ये व्यक्तिगत परिवार ३,६६,०३७ र संस्थागत परिवार २१८ रहेका छन् ।

७. **परिवारको औसत आकार (Average household size):** २०७८ सालमा कर्णाली प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा ४.६१ जना रहेको छ, जुन २०६८ सालमा ५.२६ जना रहेको थियो। कर्णाली प्रदेशमा परिवारको आकार कालिकोट जिल्लामा सबैभन्दा बढी (५.४३) र सुर्खेतमा जिल्लामा सबैभन्दा कम (४.२४) रहेको छ।

८. **नगरपालिका तथा गाउँपालिकाको जनसंख्या (Urban/Rural municipality population):** २०७८ सालको जनगणनामा कर्णाली प्रदेशको नगरपालिकाहरूको जनसंख्या ५२.१ प्रतिशत रहेको छ भने गाउँपालिकाहरूको जनसंख्या ४७.९ प्रतिशत रहेको छ।

९. **सबैभन्दा धेरै र कम जनसंख्या भएका जिल्ला (Districts with highest and lowest Population):** प्राप्त नतिजा अनुसार कर्णाली प्रदेशका १० जिल्लाहरूमध्ये सबैभन्दा बढी जनसंख्या सुर्खेत जिल्लामा ४,१५,१२६ जना र सबैभन्दा कम जनसंख्या डोल्पा जिल्लामा ४२,७७४ जनाको अक्सर बसोवास रहेको छ। दैलेख र सल्यान जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसंख्या भएका जिल्लाहरू हुन्। कम जनसंख्या भएका जिल्लातर्फ हुम्ला र मुगु क्रमशः दोस्रो र तेस्रो स्थानमा पर्दछन्।

१०. **मुख्य प्रयोग अनुसार घरको संख्या (Number of building structures by main use):** राष्ट्रिय जनगणना २०७८ मा मुख्य प्रयोग अनुसार देशभरका सम्पुर्ण घरहरूको विवरण संकलन गरिएको छ। घरको धेरैजसो भाग के कामका लागि प्रयोग भएको थियो सोको आधारमा मुख्य प्रयोगलाई विभिन्न १२ (बाह्र) प्रकारमा वर्गिकरण गरिएको छ। जनगणनाको नतिजा अनुसार कर्णाली प्रदेशमा जम्मा ४,३९,७१७ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्य रूपमा आवासको लागि प्रयोग भएका घर ७२.७ प्रतिशत, गोठ/धन्सार/मतान ९.६ प्रतिशत, खाली घर ८.५ प्रतिशत, व्यापार २.५ प्रतिशत, शैक्षिक २.० प्रतिशत, संस्थागत ०.२ प्रतिशत, होटल तथा लज ०.३ प्रतिशत, उद्योग/कलकारखाना ०.२ प्रतिशत, सरकारी ०.५ प्रतिशत,

स्वास्थ्यजन्य ०.३ प्रतिशत, बैंक तथा वित्तीय संस्था ०.१ प्रतिशत र अन्य (जस्तैः भान्सा घर) ३.१ प्रतिशत रहेका छन् ।

११. **घर वा आवासीय एकाइको स्वामित्व (Ownership of house/housing unit):** कर्णाली प्रदेशमा परिवारले आवासीय प्रयोग गरिरहेको घरको स्वामित्वमा कुल ३,६६,०३७ परिवारमध्ये ९४.० प्रतिशत परिवारहरू आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेका छन् भने ५.३ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको छन् । गत २०६८ सालको जनगणनामा यो मान क्रमशः ९४.४ प्रतिशत र ४.६ प्रतिशत रहेको थियो । हालको गणनाअनुसार ०.४ प्रतिशत परिवारहरू संस्थागत एकाइमा र ०.३ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेका छन् ।

१२. **खानेपानीको मुख्य स्रोत (Main source of drinking water):** राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कर्णाली प्रदेशका कुल ३,६६,०३७ परिवार मध्ये ८०.० प्रतिशत परिवारले धारा/पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, ०.४ प्रतिशतले ट्युववेल/हाते पम्पबाट, ०.१ प्रतिशतले जार/बोतलबाट, १३.३ प्रतिशतले मूल धाराबाट, २.१ प्रतिशतले ढाकिएको इनार/कुवाबाट पिउने पानी मुख्यरुपमा प्रयोग गर्ने गरेका छन् । खुला इनार/कुवाबाट पानीको प्रयोग गर्ने घरपरिवार २.५ प्रतिशत, नदी/खोलाबाट पिउने पानी प्रयोग गर्ने परिवारहरू १.२ प्रतिशत रहेका छन् । राष्ट्रिय जनगणना २०६८ मा कर्णाली प्रदेशका २,९८,१७४ परिवारमध्ये ६१.४ प्रतिशत परिवारले धारा/पाइपबाट (घरपरिसर भित्र र बाहिर समेत) र २४.१ प्रतिशतले मूल धाराबाट पानीको मुख्य स्रोतको रुपमा प्रयोग गर्ने गरेका थिए ।

१३. **खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (Main source of cooking fuel):** राष्ट्रिय जनगणना २०७८ को नतिजाले कर्णाली प्रदेशका कुल परिवार मध्ये अधिकांश (८२.२ प्रतिशत) परिवारले खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने गरेका छन् । खाना पकाउन अक्सर एल.पि.ग्याँस, बायोग्याँस र बिजुली प्रयोग गर्ने परिवारको प्रतिशत क्रमशः १६.९, ०.४ र ०.१ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार खाना पकाउन ९४.५ प्रतिशतले काठ दाउरा र ३.९ प्रतिशतले एल.पि.ग्याँस प्रयोग गर्ने गरेका थिए ।

१४. **बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (Main source of lighting):** कर्णाली प्रदेशमा गत जनगणनामा बिजुली प्रयोग गर्ने परिवार २१.७ प्रतिशत रहेकोमा हाल ४९.६ प्रतिशत पुगेको छ। बत्ती बाल्नका लागि अक्सर सोलार/सौर्य ऊर्जा, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ४७.९, ०.५, र १.९ प्रतिशत रहेका छन्। २०६८ सालमा बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ३३.४ र ३८.६ प्रतिशत रहेको थियो।

१५. **शौचालयको सुविधा (Toilet facility):** राष्ट्रिय जनगणना २०७८ मा कर्णाली प्रदेशमा गणना गरिएका ३,६६,०३७ व्यक्तिगत परिवारमध्ये ९७.४ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने २.६ प्रतिशत परिवारहरूसँग अझै पनि शौचालयको पहुँच नभएको पाइएको छ। गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवार ४८.२ प्रतिशत थिए।

१६. **परिवारले उपयोग गरेका साधन/सुविधा (Household assets/ amenities):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजा अनुसार कर्णाली प्रदेशका ७.२ प्रतिशत परिवारहरूमा जनगणनामा सोधिएका कुनै पनि साधन तथा सुविधाहरू उपलव्ध नभएको पाइयो भने ९२.८ प्रतिशत परिवारमा कम्तीमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ। कर्णाली प्रदेशमा साधारण मोवाइल फोन हुने परिवारको ८२.२ प्रतिशत छ भने त्यसपछि स्मार्ट मोबाइल फोन भएका परिवार ५८.४ प्रतिशत रहेको छ। कुल परिवारमध्ये ४५.९ प्रतिशतमा रेडियो, २०.३ प्रतिशतमा इन्टरनेट सुविधा, १७.६ प्रतिशतमा टेलिभिजन सुविधा, १२.४ प्रतिशतमा विद्युतीय पंखा, ६.७ प्रतिशतमा मोटरसाइकल/स्कुटर, ५.६ प्रतिशतमा कम्प्युटर/ल्यापटप, ४.७ प्रतिशतमा रेफ्रिजेरेटर, १.९ प्रतिशतमा ल्याण्डलाईन टेलिफोन, १.८ प्रतिशतमा साईकल, ०.८ प्रतिशतमा कार/जीप/भ्यान, ०.३ प्रतिशतमा वासिङ्ग मेशिन र ०.१ प्रतिशतमा एयर कन्डिशनर उपलव्ध रहेको छ।

१७. **परिवारमा महिलाको नाममा रहेको घरजग्गा (Female ownership in house & land):** जनगणना २०७८ को नतिजा अनुसार कर्णाली प्रदेशमा कुल १२.५ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुबै रहेको छ। महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार ६.२ प्रतिशत रहेको छ जुन २०६८ सालको तुलनामा १.७ प्रतिशत बिन्दुले बढी हो।

१८. **कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारहरुको विवरण (Number of households operating small scale enterprises other than agriculture):** जनगणनाको नतिजा अनुसार कर्णाली प्रदेशमा कुनै पनि सरकारी निकायमा दर्ता नगरेका र एक जना पनि तलबी कामदार नराखेका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार ३२,४६३ (८.९%) रहेका छन् । यस्ता साना घरेलु व्यवसाय सञ्चालन गर्ने कुल परिवारमध्ये घरेलु उद्योग ६,९१६ (२१.३%), व्यापार/व्यवसाय १६,१६८(४९.८%), यातायात १,२५२(३.९%), सेवा ३,८९६(१२.०%) र ४,२३१ (१३.०%) अन्य किसिमका व्यवसाय सञ्चालन गर्ने परिवार छन् । उल्लेखित साना घरेलु व्यवसाय मध्ये मुख्य रूपमा पुरूषले सञ्चालन गरेका ५३.५ प्रतिशत र महिलाले सञ्चालन गरेका ४६.५ प्रतिशत रहेका छन् ।

१९. **परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति (Absentee abroad):** राष्ट्रिय जनगणना २०७८ का अनुसार कर्णाली प्रदेशमा जम्मा ६२,७२८ परिवारबाट ९४,३२० जना (१७.१ प्रतिशत) परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोवास गर्छन् जसमध्ये पुरूष ७७,२७८ (८१.९ प्रतिशत) र महिला १७,०४२ (१८.१ प्रतिशत) रहेका छन् । २०६८ को जनगणना अनुसार ४७,५८० (१५.९ प्रतिशत) परिवारबाट ६७,५८२ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए । जसमध्ये पुरूषको संख्या ८६.९ प्रतिशत र महिलाको संख्या १३.१ प्रतिशत रहेका थिए ।

२०. **महिला परिवारमूली (Female household head): राष्ट्रिय जनगणना** २०७८ मा कर्णाली प्रदेशमा गणना गरिएका कुल ३,६६,२५५ परिवारमध्ये ३२.१ प्रतिशत परिवारमूली महिला रहेका छन् जुन २०६८ को तुलनामा १०.८ प्रतिशत बिन्दुले बढी हो । राष्ट्रियस्तरमा महिला परिवारमूली रहेका परिवार ३१.६ प्रतिशत रहेका छन् ।

२१. **वैवाहिक अवस्था (Marital status):** प्राप्त नतिजा अनुसार कर्णाली प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३४.० प्रतिशत व्यक्तिहरू अविवाहित रहेका छन् जसमा पुरूष ३७.९ प्रतिशत र महिला ३०.४ प्रतिशत छन् । त्यस्तै १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये ६१.५ प्रतिशत हाल विवाहित अवस्थामा र ४.० प्रतिशत विधवा/विधुर अवस्थामा छन् । हाल विवाहित पुरूष र महिलाहरू उनीहरूको कुल जनसंख्याको क्रमशः ५९.८ र ६३.२ प्रतिशत रहेका छन् ।

२२. **पहिलो विवाह गर्दाको उमेर (Age at first marriage): राष्ट्रिय** जनगणना २०७८ को नतिजाले कर्णाली प्रदेशका धेरैजसो व्यक्तिहरू ३९.३ प्रतिशत (४१.० प्रतिशत पुरूष र ३७.९ प्रतिशत महिला) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको देखाएको छ। दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरू २६.७ प्रतिशत (१६.४ प्रतिशत पुरूष र ३५.१ प्रतिशत महिला) छन्। यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरू ६.४ प्रतिशत (२.९ प्रतिशत पुरूष र ९.३ प्रतिशत महिला) रहेका छन्। दश वर्षमूनिको उमेरमा पहिलो विवाह भएका व्यक्तिहरू ०.१ प्रतिशत छन्। कर्णाली प्रदेशमा पहिलो विवाह गर्दाको औषत उमेर (Median age at first marriage) १९ वर्ष रहेको छ, जसमा पुरूषको २० वर्ष र महिलाको १८ वर्ष रहेको छ।

२३. **अपाङ्गता (Disability):** राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाअनुसार कर्णाली प्रदेशको कुल जनसंख्याको ३.१ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गता भएका व्यक्ति मध्ये पुरूष ५५.६ प्रतिशत र महिला ४४.४ प्रतिशत छन्। राष्ट्रियस्तरमा देशको कुल जनसंख्याको २.२ प्रतिशत व्यक्तिमा कुनै एक वा एक भन्दा बढी प्रकारको अपाङ्गता रहेको छ।

२४. **साक्षरता दर (Literacy rate):** कर्णाली प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्यामा साक्षरता दर ७६.१ प्रतिशत रहेको छ। पुरूषको साक्षरता दर ८३.३ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत, पुरूषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

२५. **उत्तीर्ण गरेको शैक्षिक तह (Education level completed):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा कुल साक्षर जनसंख्याको सबै भन्दा बढी अर्थात ३०.९ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन्। दोस्रोमा निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गरेका व्यक्तिहरू २१.५ प्रतिशत रहेका छन्। एस.एल.सि. वा सो सरह मात्र उत्तीर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसंख्याको ८.० प्रतिशत छन्। यसैगरी एस.एल.सि. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १५.८ प्रतिशत रहेका छन्।

२६. **जन्मस्थानको आधारमा जनसंख्या (Population by place of birth):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा जन्मस्थान र हालको बसोबास एउटै गाउँपालिका वा नगरपालिका भएका व्यक्तिहरू ८५.१ प्रतिशत रहेका छन्। सो अवस्था हुने पुरूष ८९.१ प्रतिशत र महिला ८०.५ प्रतिशत रहेका छन्। कुल जनसंख्याको ६.० प्रतिशत व्यक्तिहरूको जन्मस्थान सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिका, ८.६ प्रतिशत जनसंख्याको अर्को जिल्ला र ०.३ प्रतिशतको जन्मस्थान विदेश रहेको छ।

२७. **पछिल्लो पटक बसाइँ सरेको स्थानको आधारमा जनसंख्या (Population by former place of residence for current migration):** जनगणना अनुसार कर्णाली प्रदेशमा हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरू ८३.८ प्रतिशत छन्, जसमध्ये पुरूष ८७.८ प्रतिशत र महिला ७९.९ प्रतिशत रहेका छन्। कुल जनसंख्याको ६.३ प्रतिशत व्यक्तिहरूको यस अघिको बसोबास सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा, ८.७ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र १.२ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ।

२८. **पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा जनसंख्या (Population at the current place of residence by duration of last migration):** जनगणना अनुसार कर्णाली प्रदेशमा पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाइँ सरेका कुल २,७४,०५४ जना मध्ये सबैभन्दा बढी २६.८ प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ३.० प्रतिशत व्यक्तिहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि ५० वर्षभन्दा बढी रहेको छ। पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम हुने व्यक्तिहरू ५.२ प्रतिशत रहेका छन्। यसैगरी लैङ्गिक हिसावले सबैभन्दा बढी २१.८ प्रतिशत पुरूषहरू र २९.६ प्रतिशत महिलाहरूको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ।

२९. **हाल बसाइँ सर्नुको कारण (Reasons for current migration):** जनगणना अनुसार कर्णाली प्रदेशमा यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा आउनुको मुख्य कारणमा सबैभन्दा बढी ३९.६

प्रतिशत विवाह रहेको छ। हाल बसोबास गरेको स्थानमा आउनुका अन्य कारणहरू काम/रोजगारी १३.२ प्रतिशत, व्यापार/व्यवसाय ४.० प्रतिशत, अध्ययन/तालिम ८.५ प्रतिशत, आश्रित १४.४ प्रतिशत, प्राकृतिक प्रकोप ०.४ प्रतिशत, कृषि ३.५ प्रतिशत, घर फर्किएको ८.३ प्रतिशत र अन्य ५.३ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरूषमध्ये सबैभन्दा बढी २६.९ प्रतिशत काम/रोजगारीको कारण र महिलामध्ये ६१.५ प्रतिशत विवाहका कारण रहेका छन्।

३०. **महिलाको प्रजनन् अवस्था (Fertility Status):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कर्णाली प्रदेशमा १५-४९ वर्षका विवाहित महिला (३,५२,९८३ जना) मध्ये ११.४ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन् भने २ जना जीवित बच्चा जन्माएका महिलाको संख्या सबैभन्दा बढी २८.० प्रतिशत रहेको छ। गणनाको समयसम्म ३ जना जीवित बच्चा जन्माउने विवाहित महिला १९.६ प्रतिशत रहेका छन् भने ७ वा सो भन्दा बढी जीवित बच्चा जन्माउने महिला २.१ प्रतिशत रहेको छ। १५-४९ वर्षका कुल ३,५२,९८३ जना विवाहित महिलाले हालसम्म ८,५२,३२२ जना बच्चा जन्माएका छन्। जसमध्ये छोरा ५२.२ प्रतिशत र छोरी ४७.८ प्रतिशत रहेको छ। कुल जीवित जन्मेका बच्चाहरूमध्ये ६.४ प्रतिशतको मृत्यु भएको थियो। मृत्यु भएका बच्चाहरूमध्ये छोरा ५७.२ प्रतिशत र छोरी ४२.८ प्रतिशत रहेका थिए।

३१. **महिलाको हालको प्रजनन् अवस्था (Current Fertility Status):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा गणनाको दिनदेखि १२ महिना अघिको समयमा कुल ३१,३२३ जना बच्चाको जन्म भएको थियो जसमध्ये १६,३११ जना अर्थात ५२.१ प्रतिशत छोरा र १५,०१२ अर्थात् ४७.९ प्रतिशत छोरीको जन्म भएको थियो। १ वर्षको अवधिमा जन्मेका बच्चाहरूमध्ये सबैभन्दा धेरै ४२.९ प्रतिशत बच्चाको जन्म २०-२४ बर्षका महिलाबाट भएको थियो।

३२. **बालबालिकाको बसाइँको अवस्था (Status of living arrangement of children):** कर्णाली प्रदेशमा १८ बर्ष भन्दा कम उमेरका ६,७७,०४८ बालबालिकामध्ये सबैभन्दा बढी ८१.६ प्रतिशत बालबालिकाहरू आमाबाबु दुबैसँग बस्ने गरेका छन्। आमासँग मात्र बस्ने बालबालिका १३.२ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका ०.९ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३.३ प्रतिशत रहेका छन्।

३३. **आर्थिक काम गरेको अवधि (Duration of economic activities performed):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा १० वर्ष वा बढी उमेरका १३,३७,८९३ जना व्यक्तिहरू मध्ये ९,२६,३४० जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ४२.५ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २६.७ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३०.८ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

३४. **आर्थिक रुपले सक्रिय जनसंख्या (Economically active population):** कर्णाली प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका १३,३७,८९३ जना व्यक्तिहरू मध्ये ९,५८,६४३ जना (७१.७ प्रतिशत) आर्थिक रूपले सक्रिय र ३,७३,०१७ जना (२७.९ प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन् जबकी आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरूको संख्या ६,२३३ जना रहेका छन् ।

३५. **अक्सर आर्थिक रुपले सक्रिय जनसंख्या (Usually economically active population):** १० वर्ष वा सोभन्दा बढी उमेरका ९,५८,६४३ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरूमध्ये ६,६८,७१५ जना (६९.८ प्रतिशत) अक्सर आर्थिकरूपले सक्रिय र २,८९,९२८ जना (३०.२ प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय रहेका छन् ।

३६. **अक्सर रोजगार जनसंख्या (Usually employed population):** १० वर्ष वा सोभन्दा बढी उमेरका ६,६८,७१५ जना अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिहरू मध्ये ६,१८,४८७ जना (९२.५ प्रतिशत) अक्सर रोजगार र ५०,२२८ जना (७.५ प्रतिशत) अक्सर बेरोजगार रहेका छन् ।

३७. **आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main occupation):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ । कर्णाली प्रदेशमा आर्थिक काम गरेका कुल जनसंख्या ९,२६,३४० मध्ये ४९.२ प्रतिशत पुरूष र ५०.८ प्रतिशत महिला रहेका छन् । आर्थिक काम गरेका जनसंख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ६९.८ प्रतिशत रहेका छन् । यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू १४.१ प्रतिशत, सेवा तथा

वस्तु बिक्री गर्ने कामदारहरू ३.४ प्रतिशत, व्यवस्थापकहरू ३.२ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू ३.० प्रतिशत, पेशाविद् २.९ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू १.१ प्रतिशत, यन्त्र प्रचालक तथा जडान गर्ने कामदारहरू १.० प्रतिशत, सशस्त्र सैनिक अधिकारीहरू ०.८ प्रतिशत र कार्यालय सहायकहरू ०.७ प्रतिशत रहेका छन् ।

३८. **आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या (Economically active population by main industry):** जनगणनाको नतिजा अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । कर्णाली प्रदेशमा आर्थिक काममा संलग्न ९,२६,३४० मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ७३.७ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापारमा ७.९ प्रतिशत, निर्माणमा ५.२ प्रतिशत, शिक्षामा २.६ प्रतिशत र सार्वजनिक प्रशासन तथा सुरक्षाको क्षेत्रमा २.३ प्रतिशत जनसंख्या संलग्न रहेका छन् ।

३९. **आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण (Economically active population by employment status):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरू कुल ९,२६,३४० जना रहेका छन् । जसमध्ये सबैभन्दा बढी आफ्नै काम गर्ने ६५.६ प्रतिशत, अरूको काम गर्ने १५.२ प्रतिशत, परिवारमा सघाउने मात्र १८.१ प्रतिशत, रोजगारदाता १.० प्रतिशत र उल्लेख नभएको ०.१ प्रतिशत रहेका छन् ।

४०. **आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण (Economically active population by institutional sector):** राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ७६.९ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने १७.६ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने ४.७ प्रतिशत, वित्तीय संस्थामा काम गर्ने ०.५ प्रतिशत, नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत र उल्लेख नभएको क्षेत्रमा काम गर्ने ०.१ प्रतिशत रहेका छन् ।

४१. **आर्थिक काम नगर्नुको कारण (Reasons for not being economically active):** कर्णाली प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिहरू मध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ६३.२ प्रतिशतले विद्यार्थी भएका कारणले आर्थिक काम नगरेको देखिन्छ । त्यसपछि अन्य कारणहरूमा क्रमशः घरधन्दा १२.१ प्रतिशत, बृद्ध अवस्था ११.३ प्रतिशत, पारिवारिक हेरचाह ३.८ प्रतिशत, अशक्त/बिरामी २.८ प्रतिशत, पेन्सन/आयस्ता १.३ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.२ प्रतिशत र अन्यमा ४.६ प्रतिशत रहेको छ ।

४२. **बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (Birth registration status of children):** राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कर्णाली प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल २,०४,६३८ जना बालबालिका मध्ये ८७.३ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने १२.७ प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ । जन्म दर्ता गरेको संख्यामध्ये बालिकाको संख्या बालकको संख्याभन्दा ०.७ प्रतिशत बिन्दुले बढी रहेको छ ।

**तालिका १: विशेष उमेर समूहअनुसार जनसंख्याको संरचना**

| उमेर समूह | नेपाल | | कर्णाली प्रदेश | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्ष भन्दा कम | ४१११५९ | १.४१ | ३१४८१ | १.८६ |
| ०-५ वर्ष | २४३९२८३ | ८.३६ | १६८८०१ | १०.०० |
| ०-१४ वर्ष | ८११५५७५ | २७.८३ | ५५८८९१ | ३३.१० |
| ०-१८ वर्ष | १०५७७९६९ | ३६.२७ | ७२३१८१ | ४२.८३ |
| १६-२४ वर्ष | ५१४२३३६ | १७.६३ | ३२५०६६ | १९.२५ |
| १६-४० वर्ष | १२४१२१७३ | ४२.५६ | ६९८९५६ | ४१.४० |
| १६ वर्ष वा सो भन्दा माथि | २०४४१८७५ | ७०.०९ | १०८६५८२ | ६४.३६ |
| १५-५९ वर्ष | १८०७१६८५ | ६१.९६ | ९९५०३९ | ५८.९३ |
| १५-४९ वर्षका महिला (कुल महिला मध्ये) | ८२३२१८१ | ५५.२१ | ४६१४७४ | २७.३३ |
| ६० वर्ष वा सो भन्दा माथि | २९७७३१८ | १०.२१ | १३४४८२ | ७.९६ |
| ६८ वर्ष वा सो भन्दा माथि | १५२४७६३ | ५.२३ | ६४२३० | ३.८० |

## तालिका २: भौगोलिक क्षेत्र अनुसार परिवार संख्या र जनसंख्या, २०७८

| क्षेत्र | जम्मा परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार | लैंङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | जन-घनत्व | जनसंख्या २०६८ |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ | २६४९४५०४ |
| प्रदेश | | | | | | | | |
| कर्णाली प्रदेश | ३६६२५५ | १६८८४१२ | ८२३७६१ | ८६४६५१ | ४.६१ | ९५.२७ | ६० | १५७०४१८ |
| जिल्ला | | | | | | | | |
| डोल्पा | ९३९८ | ४२७७४ | २१३७१ | २१४०३ | ४.५५ | ९९.८५ | ५ | ३६७०० |
| मुगु | १२४३९ | ६४५४९ | ३२३८१ | ३२१६८ | ५.१९ | १००.६६ | १८ | ५५२८६ |
| हुम्ला | ११२२८ | ५५३९४ | २७८८६ | २७५०८ | ४.९३ | १०१.३७ | १० | ५०८५८ |
| जुम्ला | २४४३८ | ११८३४९ | ५९२२८ | ५९१२१ | ४.८४ | १००.१८ | ४७ | १०८९२१ |
| कालीकोट | २६७७९ | १४५२९२ | ७२२४५ | ७३०४७ | ५.४३ | ९८.९० | ८३ | १३६९४८ |
| दैलेख | ५४६१० | २५२३१३ | १२०७७४ | १३१५३९ | ४.६२ | ९१.८२ | १६८ | २६१७७० |
| जाजरकोट | ३७४६६ | १८९३६० | ९४०६३ | ९५२९७ | ५.०५ | ९८.७१ | ८५ | १७१३०४ |
| रुकुम - पश्चिम | ३७३०३ | १६६७४० | ८१०९१ | ८५६४९ | ४.४७ | ९४.६८ | १३७ | १५५३८३ |
| सल्यान | ५४७०१ | २३८५१५ | ११४९८२ | १२३५३३ | ४.३६ | ९३.०८ | १६३ | २४२४४४ |
| सुर्खेत | ९७८९३ | ४१५१२६ | १९९७४० | २१५३८६ | ४.२४ | ९२.७४ | १६९ | ३५०८०४ |

| वार्षिक जन-संख्या वृद्धिदर (%) | अनुपस्थित (अक्सर विदेशमा बस्ने) जनसंख्या | | | | | अपाङ्गता भएको जनसंख्या | | | ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर जनसंख्या (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या* | जम्मा जनसंख्या | पुरुष | महिला | प्रतिशत** | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| ०.९२ | १५५५९६१ | २१९०५९२ | १७९९६७५ | ३९०९१७ | १०० | ६४७७४४ | ३५१३०१ | २९६४४३ | ७६.२५ | ८३.५५ | ६९.३७ |
| | | | | | | | | | | | |
| ०.७० | ६२७२८ | ९४३२० | ७७२७८ | १७०४२ | ४.३१ | ५२६०४ | २९२४० | २३३६४ | ७६.०८ | ८३.२५ | ६९.३७ |
| | | | | | | | | | | | |
| १.४७ | ३२४ | ४३० | ३२७ | १०३ | ०.०२ | १२२१ | ६७८ | ५४३ | ६७.०२ | ७५.३६ | ५८.७० |
| १.४९ | ७३० | १११६ | ८७० | २४६ | ०.०५ | १७५६ | १००१ | ७५५ | ६८.०९ | ७७.२९ | ५८.८६ |
| ०.८२ | ५२५ | ७९६ | ५१४ | २८२ | ०.०४ | २०४१ | १२१५ | ८२६ | ६३.८४ | ७३.३५ | ५४.२६ |
| ०.८० | १५९२ | २७०३ | १९८७ | ७१६ | ०.१२ | २७०७ | १५९१ | १११६ | ७०.२० | ७८.९३ | ६१.५६ |
| ०.५७ | २७४६ | ५५८६ | ३९२३ | १६६३ | ०.२५ | ४२४५ | २४३० | १८१५ | ७२.७२ | ७९.८१ | ६५.८० |
| -०.३५ | १२२४९ | १९३४३ | १६२३५ | ३१०८ | ०.८८ | ७९६० | ४३६२ | ३५९८ | ७५.५० | ८३.०४ | ६८.७१ |
| ०.९६ | ३७९१ | ६१३६ | ४७२४ | १४१२ | ०.२८ | ९३६३ | ५३१३ | ४०५० | ७५.५० | ८१.३० | ६९.८१ |
| ०.६८ | ७२३१ | १०१९३ | ८५१८ | १६७५ | ०.४७ | ४२१६ | २३३९ | १८७७ | ७५.७४ | ८२.५५ | ६९.४३ |
| -०.१६ | १२८०० | १७०२४ | १४७४५ | २२७९ | ०.७८ | ६८७२ | ३७०३ | ३१६९ | ७७.३० | ८४.९५ | ७०.३१ |
| १.६२ | २०७४० | ३०९९३ | २५४३५ | ५५५८ | १.४१ | १२२२३ | ६६०८ | ५६१५ | ८२.७१ | ८९.२६ | ७६.७७ |

*कम्तिमा एक जना विदेशमा बसोबास गर्ने परिवार

**अक्सर विदेशमा बस्ने कुल जनसंख्या मध्ये प्रदेश तथा जिल्लाको %

## तालिका ३: स्थानीय तह अनुसार परिवार संख्या र जनसंख्या विवरण

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| डोल्पा | | | | | | | | | | | | | |
| छार्का ताङसोङ गाउँपालिका | २८२ | १४५१ | ३२० | १६७२ | ८१९ | ८५३ | ५.२३ | ९६.०१ | १.३६ | ५ | ४५.८८ | ५०.१३ | ४१.८० |
| डोल्पो बुद्ध गाउँपालिका | ४६८ | २१२६ | ५४३ | २४२० | ११४८ | १२७२ | ४.४६ | ९०.२५ | १.२४ | ६ | ४५.२५ | ५४.०४ | ३७.२६ |
| जगदुल्ला गाउँपालिका | ४३३ | २२७३ | ६०१ | २५७५ | १२६० | १३१५ | ४.२८ | ९५.८२ | १.२० | ३१ | ७३.०४ | ८०.८० | ६५.६८ |
| काईके गाउँपालिका | ७८० | ३५७६ | ९१६ | ३९६५ | १८५२ | २११३ | ४.३३ | ८७.६५ | ०.९९ | ८ | ५८.७७ | ७०.६७ | ४८.२८ |
| मुड्केचुला गाउँपालिका | ९२६ | ५१२९ | ११९० | ५८०३ | २९१८ | २८८५ | ४.८८ | १०१.१४ | १.१८ | २३ | ७६.९६ | ८३.३५ | ७०.४९ |
| शे फोक्सुण्डो गाउँपालिका | ७३० | ३०९९ | ८६१ | ३६३५ | १७७९ | १८५६ | ४.२२ | ९५.८५ | १.५३ | ३० | ४५.०३ | ४९.९७ | ४०.३१ |
| ठुली भेरी नगरपालिका | १९०३ | ८३७० | २३२७ | ९८६१ | ४९४७ | ४९१४ | ४.२४ | १००.६७ | १.५७ | २३ | ७३.६७ | ८२.७१ | ६४.५८ |
| त्रिपुरासुन्दरी नगरपालिका | १९४४ | १०१०४ | २६२२ | १२२३३ | ६०८० | ६१५३ | ४.६७ | ९८.८१ | १.८३ | ३१ | ७०.९२ | ७८.९६ | ६३.०६ |
| संस्थागत | २२ | ५७२ | १८ | ६१० | ५६८ | ४२ | | | | | ९९.०१ | ९८.९४ | १००.०० |
| जम्मा | ७४८८ | ३६७०० | ९३९८ | ४२७७४ | २१३७१ | २१४०३ | ४.५५ | ९९.८५ | १.४७ | ५ | ६७.०२ | ७५.३६ | ५८.७० |
| मुगु | | | | | | | | | | | | | |
| छायाँनाथ रारा नगरपालिका | ३६४१ | २००८२ | ४९५२ | २४५२७ | १२३९० | १२१३७ | ४.९५ | १०२.०८ | १.९२ | ५१ | ७०.७४ | ८०.२८ | ६१.०४ |
| खत्याड गाउँपालिका | २८२१ | १७११६ | ३५२५ | १८८३२ | ९५१३ | ९३१९ | ५.३४ | १०२.०८ | ०.९२ | ६७ | ६९.९५ | ७८.७० | ६१.१३ |
| मुगुम कार्मारोङ गाउँपालिका | १०२९ | ५३९६ | १३७२ | ६२२२ | २९६३ | ३२५९ | ४.५३ | ९०.९२ | १.३७ | ३ | ५४.३६ | ६३.३१ | ४६.३२ |
| सोरु गाउँपालिका | २१०९ | १२२३८ | २५८१ | १४२७७ | ७०२९ | ७२४८ | ५.५३ | ९६.९८ | १.४८ | ३९ | ६५.४६ | ७४.३६ | ५६.७३ |
| संस्थागत | १९ | ४५४ | ९ | ६९१ | ४८६ | २०५ | | | | | १००.०० | १००.०० | १००.०० |
| जम्मा | ९६१९ | ५५२८६ | १२४३९ | ६४५४९ | ३२३८१ | ३२१६८ | ५.१९ | १००.६६ | १.४९ | १८ | ६८.०९ | ७७.२९ | ५८.८६ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | साक्षरता दर (प्रतिशतमा) जम्मा | पुरुष | महिला |
| हुम्ला | | | | | | | | | | | | | |
| अदानचुली गाउँपालिका | ११२१ | ७११६ | १४८० | ८२६५ | ४०३८ | ४२२७ | ५.५८ | ९५.५३ | १.४४ | ५५ | ६३.३९ | ७४.२१ | ५३.२३ |
| चंखेली गाउँपालिका | ९६३ | ५५१७ | ११९३ | ६५७९ | ३२९० | ३२८९ | ५.५१ | १००.०३ | १.६९ | ५ | ६६.५१ | ७४.८६ | ५८.०६ |
| खार्पुनाथ गाउँपालिका | ११३२ | ६०११ | १४३७ | ६७३६ | ३३२६ | ३४१० | ४.६९ | ९७.५४ | १.०९ | ८ | ६१.२५ | ७०.६२ | ५२.२१ |
| नाम्खा गाउँपालिका | ८३५ | ३९०० | ८४९ | ३५८९ | १७५० | १८३९ | ४.२३ | ९५.१६ | -०.८० | १ | ५१.१२ | ६३.६४ | ३९.३१ |
| सर्केगाड गाउँपालिका | १७९४ | ९८६८ | २२०५ | १०६८८ | ५३६३ | ५३२५ | ४.८५ | १००.७१ | ०.७७ | ३५ | ६३.७६ | ७३.३४ | ५४.२७ |
| सिमकोट गाउँपालिका | २५६६ | ११५५७ | २८८२ | ११९३५ | ६०४७ | ५८८८ | ४.१४ | १०२.७० | ०.३१ | १५ | ६६.४१ | ७५.४८ | ५७.१५ |
| ताँजाकोट गाउँपालिका | १०२६ | ५९६४ | ११५८ | ६०९२ | ३००५ | ३०८७ | ५.२६ | ९७.३४ | ०.२० | ३८ | ५७.५६ | ६४.८० | ५०.५६ |
| संस्थागत | ४२ | ९२५ | २४ | १५१० | १०६७ | ४४३ | | | | | ९८.६७ | ९९.०६ | ९७.७३ |
| जम्मा | ९४७९ | ५०८५८ | ११२२८ | ५५३९४ | २७८८६ | २७५०८ | ४.९३ | १०१.३७ | ०.८२ | १० | ६३.८४ | ७३.३५ | ५४.२६ |
| जुम्ला | | | | | | | | | | | | | |
| चन्दननाथ नगरपालिका | ३९९६ | १९०४७ | ५३६७ | २१०३६ | १०३९९ | १०६३७ | ३.९२ | ९७.७६ | ०.९५ | २०६ | ७७.५८ | ८७.७४ | ६७.८१ |
| गुठिचौर गाउँपालिका | १८४८ | ९८७० | २४४४ | १०९२२ | ५३८१ | ५५४१ | ४.४७ | ९७.११ | ०.९७ | २६ | ६९.१९ | ७९.०८ | ५९.७१ |
| हिमा गाउँपालिका | १७१३ | १०५५३ | २१७६ | १२१९१ | ६१५४ | ६०३७ | ५.६० | १०१.९४ | १.३८ | ९२ | ७२.७३ | ८०.०८ | ६५.४० |
| कनकासुन्दरी गाउँपालिका | २२४७ | १३२१६ | २७५४ | १३६२५ | ६७३४ | ६८९१ | ४.९५ | ९७.७२ | ०.२९ | ६० | ६८.२७ | ७७.८१ | ५९.११ |
| पातारासी गाउँपालिका | २५३७ | १४५७१ | ३३४२ | १६८२४ | ८२५६ | ८५६८ | ५.०३ | ९६.३६ | १.३८ | २१ | ६४.५३ | ७३.४३ | ५६.०६ |
| सिंजा गाउँपालिका | १९९६ | ११९९३ | २३५४ | १२५५६ | ६४१३ | ६१४३ | ५.३३ | १०४.४० | ०.४४ | ८२ | ६१.२० | ६८.५६ | ५३.६२ |
| तातोपानी गाउँपालिका | २७०४ | १४६३८ | ३३१८ | १५५७५ | ७६९९ | ७८७६ | ४.६९ | ९७.७५ | ०.६० | ३० | ७०.२७ | ७८.४० | ६२.४२ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| तिला गाउँपालिका | २२५० | १३६०७ | २६६७ | १४५३९ | ७२०२ | ७३३७ | ५.४५ | ९८.१६ | ०.६४ | ८३ | ७१.६९ | ७९.०३ | ६४.५५ |
| संस्थागत | १२ | १४२६ | १६ | १०८१ | ९९० | ९१ | | | | | ९८.४३ | ९८.४८ | ९७.८० |
| जम्मा | १९३०३ | १०८९२१ | २४४३८ | ११८३४९ | ५९२२८ | ५९१२१ | ४.८४ | १००.१८ | ०.८० | ४७ | ७०.२० | ७८.९३ | ६१.५६ |
| कालिकोट | | | | | | | | | | | | | |
| शुभकालिका गाउँपालिका | २४५८ | १४०८० | २७६२ | १३७७३ | ६६३४ | ७१३९ | ४.९९ | ९२.९३ | -०.२१ | १४२ | ७४.४० | ८२.२३ | ६७.२८ |
| खाँडाचक्र नगरपालिका | ३६१२ | २०२८८ | ४१०१ | २२२७४ | १११२१२ | ११०६२ | ५.४३ | १०१.३६ | ०.९० | १६७ | ७३.९५ | ८१.०२ | ६६.९१ |
| महावै गाउँपालिका | १४४७ | ८३२३ | १६१५ | ८१७७ | ४०४९ | ४१२८ | ५.०६ | ९८.०९ | -०.१७ | २५ | ७३.०७ | ८२.१५ | ६४.२८ |
| नरहरिनाथ गाउँपालिका | ३५८५ | २१३६६ | ४२९० | २२४५८ | ११०५८ | ११४०० | ५.२३ | ९७.०० | ०.४८ | १५६ | ७५.१२ | ८१.४५ | ६९.०५ |
| पचालझरना गाउँपालिका | २००२ | १२३४३ | २३९८ | १३६८७ | ६९०० | ६७८७ | ५.७१ | १०१.६६ | ०.९९ | ८२ | ७१.४७ | ७७.९० | ६४.९९ |
| पलाँता गाउँपालिका | २४२१ | १५३०३ | २८३४ | १७३४६ | ८८०८ | ८५३८ | ६.१२ | १०३.१६ | १.२० | ५४ | ७०.६८ | ७६.८३ | ६४.३९ |
| रास्कोट नगरपालिका | २६८५ | १६२७२ | ३१९४ | १७४२५ | ८५४४ | ८८८१ | ५.४६ | ९६.२१ | ०.६६ | २९२ | ७२.०१ | ७९.२६ | ६५.१८ |
| सान्नी त्रिवेणी गाउँपालिका | २१०५ | १२८४६ | २४२२ | १३४९१ | ६५८८ | ६९०३ | ५.५७ | ९५.४४ | ०.४७ | ९९ | ७०.२२ | ७८.१२ | ६२.८२ |
| तिलागुफा नगरपालिका | २६९३ | १५७६६ | ३१५४ | १६१९७ | ८००४ | ८१९३ | ५.१४ | ९७.६९ | ०.२६ | ६२ | ७१.३२ | ७८.३८ | ६४.५३ |
| संस्थागत | ५ | ३६१ | ९ | ४६४ | ४४८ | १६ | | | | | ९७.६३ | ९७.५४ | १०० |
| जम्मा | २३०१३ | १३६९४८ | २६७७९ | १४५२९२ | ७२२४५ | ७३०४७ | ५.४३ | ९८.९० | ०.५७ | ८३ | ७२.७२ | ७९.८१ | ६५.८० |
| दैलेख | | | | | | | | | | | | | |
| आठबीस नगरपालिका | ५२६३ | २९२२७ | ६१३४ | ३१०९२ | १५२५० | १५८४२ | ५.०७ | ९६.२६ | ०.५९ | १८५ | ७३.२४ | ८१.०३ | ६५.८७ |
| भगवतीमाई गाउँपालिका | ३३५९ | १८७७८ | ३५५० | १८२०६ | ९०१७ | ९१८९ | ५.१३ | ९८.१३ | -०.३० | १२० | ७५.८० | ८२.७३ | ६९.१४ |
| भैरवी गाउँपालिका | ३९७६ | २१२३३ | ४२६९ | १८७६७ | ८५८४ | १०१८३ | ४.४० | ८४.३० | -१.१८ | १७० | ७३.९४ | ८२.०८ | ६७.१८ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| चामुण्डा बिन्द्रासैनी नगरपालिका | ४६३४ | २६१४९ | ५११३ | २६५५९ | १३०२१ | १३५३८ | ५.१९ | ९६.१८ | ०.१५ | २९३ | ७४.८५ | ८१.३१ | ६८.७४ |
| दुल्लु नगरपालिका | ८१६४ | ४१५४० | ९०५३ | ३९१४३ | १८१०५ | २१०३८ | ४.३२ | ८६.०६ | -०.५७ | २५० | ७४.३१ | ८२.६३ | ६७.३३ |
| डुङ्गेश्वर गाउँपालिका | ३०४४ | १५८८३ | ३३९९ | १४५३३ | ६८९० | ७६४३ | ४.२८ | ९०.१५ | -०.८५ | १३८ | ७९.०७ | ८७.१८ | ७१.८६ |
| गुराँस गाउँपालिका | ४०९६ | २२०३३ | ४५४१ | २११८९ | १०४०२ | १०७८७ | ४.६७ | ९६.४३ | -०.३७ | १२९ | ७९.१३ | ८६.८९ | ७१.७७ |
| महाबु गाउँपालिका | ३५५३ | १९२७७ | ३९६८ | १८०५९ | ८२६२ | ९७९७ | ४.५५ | ८४.३३ | -०.६३ | १६३ | ७६.४३ | ८४.२५ | ७०.०४ |
| नारायण नगरपालिका | ५७९१ | २७०३७ | ६५०४ | २६१११ | १२२०५ | १३९०६ | ४.०१ | ८७.७७ | -०.३३ | २३६ | ७७.९६ | ८६.०३ | ७१.०८ |
| नौमुले गाउँपालिका | ३७०८ | २०८०२ | ४२२३ | १९६८७ | ९४९१ | १०१९६ | ४.६६ | ९३.०९ | -०.५३ | ८६ | ७६.३५ | ८२.२७ | ७०.८९ |
| ठाँटीकाँध गाउँपालिका | ३३२७ | १८८९६ | ३८४० | १८३०१ | ८९३० | ९३७१ | ४.७७ | ९५.२९ | -०.३१ | २०७ | ७०.४७ | ७७.५३ | ६३.८९ |
| संस्थागत | ४ | ९१५ | १६ | ६६६ | ६१७ | ४९ | | | | | ९६.५२ | ९७.२४ | ८६.९६ |
| जम्मा | ४८९१९ | २६१७७० | ५४६१० | २५२३१३ | १२०७७४ | १३१५३९ | ४.६२ | ९१.८२ | -०.३५ | १६८ | ७५.५० | ८३.०४ | ६८.७१ |
| जाजरकोट | | | | | | | | | | | | | |
| बारेकोट गाउँपालिका | ३०९३ | १८०८३ | ३८८७ | २२००५ | ११०३५ | १०९७० | ५.६६ | १००.५९ | १.८८ | ३८ | ७८.६२ | ८४.४१ | ७२.८२ |
| भेरी नगरपालिका | ६५९० | ३३५१५ | ८८७४ | ३७८९२ | १८३७६ | १९५१६ | ४.२७ | ९४.१६ | १.१८ | १७२ | ७५.१२ | ८१.५९ | ६९.१३ |
| छेडागाड नगरपालिका | ६१४४ | ३५२९५ | ७१९७ | ३७८७७ | १८६९८ | १९१७९ | ५.२६ | ९७.४९ | ०.६८ | १३३ | ७५.८० | ८१.०६ | ७०.७१ |
| जुनीचाँदे गाउँपालिका | ३७७४ | २१७३३ | ४२९६ | २३७७१ | ११८३५ | ११९३६ | ५.५३ | ९९.१५ | ०.८६ | ६९ | ७२.९७ | ७७.७६ | ६८.२८ |
| कुसे गाउँपालिका | ३५९० | २०६२१ | ४४०१ | २३०५८ | ११५०३ | ११५५५ | ५.२४ | ९९.५५ | १.०७ | ८४ | ७४.५४ | ७९.०४ | ७०.०८ |
| शिवालय गाउँपालिका | २५५६ | १५२६९ | २८०६ | १४७७६ | ७२९८ | ७४७८ | ५.२७ | ९७.५९ | -०.३१ | ११० | ७८.३१ | ८४.९८ | ७१.८१ |
| नलगाड नगरपालिका | ४७२१ | २५५९० | ५९९२ | २८९२२ | १४३६६ | १४५५६ | ४.८३ | ९८.६९ | १.१७ | ७५ | ७३.६२ | ८०.२९ | ६७.०७ |
| संस्थागत | ४ | ११९८ | १३ | १०५९ | ९५२ | १०७ | | | | | ९९.४३ | ९९.४७ | ९९.०२ |
| जम्मा | ३०४७२ | १७१३०४ | ३७४६६ | १८९३६० | ९४०६३ | ९५२९७ | ५.०५ | ९८.७१ | ०.९६ | ८५ | ७५.५० | ८१.३० | ६९.८१ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| रुकुम पश्चिम | | | | | | | | | | | | | |
| आठबिसकोट नगरपालिका | ६४२१ | ३३६०१ | ७५५३ | ३५९१७ | १७६१८ | १८२९९ | ४.७६ | ९६.२८ | ०.६४ | ६४ | ७०.१० | ७६.७९ | ६३.७५ |
| बाँफिकोट गाउँपालिका | ३७४७ | १८६९६ | ४६०७ | २१०३३ | १०१७४ | १०८५९ | ४.५७ | ९३.६९ | १.१३ | ११० | ७४.९३ | ८२.३१ | ६८.२० |
| चौरजहारी नगरपालिका | ५४२२ | २७४३८ | ६८३७ | २८९५६ | १४००९ | १४९४७ | ४.२४ | ९३.७२ | ०.५२ | २७० | ७४.३८ | ८१.३८ | ६८.०१ |
| मुसिकोट नगरपालिका | ७३०७ | ३२९३९ | ८६९३ | ३४२७० | १६२५० | १८०२० | ३.९४ | ९०.१८ | ०.३८ | २५२ | ८०.६० | ८७.५१ | ७४.८४ |
| सानीभेरी गाउँपालिका | ४१२९ | २२१९४ | ५२९२ | २४७५९ | १२०१४ | १२७४५ | ४.६८ | ९४.२६ | १.०५ | १८५ | ७५.६६ | ८२.०३ | ६९.७७ |
| त्रिवेणी गाउँपालिका | ३६०९ | १९४०४ | ४३०८ | २०५२५ | ९८२१ | १०७०४ | ४.७६ | ९१.७५ | ०.५४ | २४० | ७६.८७ | ८३.९२ | ७०.७२ |
| संस्थागत | १२ | ११११ | १३ | १२८० | १२०५ | ७५ | | | | | ९८.७४ | ९८.९२ | ९५.८३ |
| जम्मा | ३०६४७ | १५५३८३ | ३७३०३ | १६६७४० | ८१०९१ | ८५६४९ | ४.४७ | ९४.६८ | ०.६८ | १३७ | ७५.७४ | ८२.५५ | ६९.४३ |
| सल्यान | | | | | | | | | | | | | |
| बागचौर नगरपालिका | ५९०६ | ३४११८ | ७४९८ | ३४०२१ | १६४७४ | १७५४७ | ४.५४ | ९३.८८ | -०.०३ | २०९ | ७९.७५ | ८६.०४ | ७३.९५ |
| बनगाड कुपिण्डे नगरपालिका | ६७६३ | ३६०५२ | ७४२८ | ३२९४० | १५७३८ | १७२०२ | ४.४३ | ९१.४९ | -०.८७ | ९७ | ७०.४७ | ७८.८० | ६२.९९ |
| छत्रेश्वरी गाउँपालिका | ४४०८ | २१४५२ | ५१३९ | २१२४२ | १००१९ | ११२२३ | ४.१३ | ८९.२७ | -०.०९ | १४१ | ७७.७० | ८५.७७ | ७०.६७ |
| दार्मा गाउँपालिका | ३४६० | १९९६६ | ४२६४ | २०१३९ | ९७५५ | १०३८४ | ४.७२ | ९३.९४ | ०.०८ | २४७ | ७७.२१ | ८३.७३ | ७१.२४ |
| सिद्ध कुमाख गाउँपालिका | २४०४ | १३५९३ | २८९८ | १३१२७ | ६२५८ | ६८६९ | ४.५३ | ९१.१० | -०.३३ | १४७ | ७७.३५ | ८५.५९ | ७०.०३ |
| कालिमाटी गाउँपालिका | ४३४३ | २३००५ | ४९७२ | २२२०६ | १०९४१ | ११२६५ | ४.४७ | ९७.१२ | -०.३४ | ४४ | ७७.५७ | ८५.५६ | ६९.९० |
| कपुरकोट गाउँपालिका | ३६५७ | १८२०४ | ३९७४ | १७५२६ | ८३६९ | ९१५७ | ४.४१ | ९१.३९ | -०.३६ | १४७ | ७९.७५ | ८६.२८ | ७३.८९ |
| कुमाख गाउँपालिका | ४७४५ | २४९७२ | ५४९१ | २४८५९ | १२०९४ | १२७६५ | ४.५३ | ९४.७४ | -०.०४ | १४० | ७४.९८ | ८२.६३ | ६७.८३ |
| शारदा नगरपालिका | ७३९१ | ३३७३० | ८८९८ | ३४६६३ | १६३८८ | १८२७५ | ३.९० | ८९.६७ | ०.२६ | १७५ | ७९.९६ | ८८.४५ | ७२.५४ |

| स्थानीय तह | २०६८ | | २०७८ | | | | | | | | साक्षरता दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जन-घनत्व | जम्मा | पुरुष | महिला |
| त्रिवेणी गाउँपालिका | ३४४७ | १६६२४ | ४११० | १६६६४ | ७९१८ | ८७४६ | ४.०५ | ९०.५३ | ०.०२ | १४० | ७६.८७ | ८३.९२ | ७०.७२ |
| संस्थागत | ३२ | ७२८ | २९ | ११२८ | १०२८ | १०० | | | | | ९८.२२ | ९९.०३ | ८९.६९ |
| जम्मा | ४६५५६ | २४२४४४ | ५४७०१ | २३८५१५ | ११४९८२ | १२३५३३ | ४.३६ | ९३.०८ | -०.१६ | १६३ | ७७.३० | ८४.९५ | ७०.३१ |
| सुर्खेत | | | | | | | | | | | | | |
| बराहताल गाउँपालिका | ५४४८ | २६८०२ | ६१६९ | २५९४३ | १२४६५ | १३४७८ | ४.२१ | ९२.४८ | -०.३१ | ५७ | ७७.७४ | ८५.८६ | ७०.३७ |
| भेरीगंगा नगरपालिका | ८८२५ | ४१४०७ | ११५३९ | ४८२०३ | २२५३८ | २५६६५ | ४.१८ | ८७.८२ | १.४६ | १८८ | ८१.१५ | ८६.९५ | ७६.२१ |
| वीरेन्द्रनगर नगरपालिका | २३७१० | १००४५८ | ३८३७७ | १५३८६३ | ७५१२९ | ७८७३४ | ४.०१ | ९५.४२ | ४.०९ | ६२८ | ८७.१६ | ९२.७० | ८१.९८ |
| चौकुने गाउँपालिका | ४६०८ | २५२४० | ५३३६ | २६९५० | १३२३६ | १३७१४ | ५.०५ | ९६.५१ | ०.६३ | ७१ | ७८.११ | ८५.३९ | ७१.१८ |
| चिङ्गाड गाउँपालिका | २९२३ | १७२७५ | ३२९७ | १५६०० | ७३६७ | ८२३३ | ४.७३ | ८९.४८ | -०.९८ | ९२ | ७४.२२ | ८२.७८ | ६६.७८ |
| गुर्भाकोट नगरपालिका | ९५७२ | ४३७६५ | ११७९८ | ४८२१६ | २२१८३ | २६०३३ | ४.०९ | ८५.२१ | ०.९३ | २११ | ८२.८३ | ८९.१४ | ७७.५९ |
| लेकबेशी नगरपालिका | ६३४६ | ३०२९५ | ७४४१ | ३१७१० | १४८७७ | १६८३३ | ४.२६ | ८८.३८ | ०.४४ | १७५ | ८२.२१ | ८९.१८ | ७६.१६ |
| पञ्चपुरी नगरपालिका | ६३०४ | ३२२३१ | ७८०३ | ३५८३९ | १७२३० | १८६०९ | ४.५९ | ९२.५९ | १.०२ | १०९ | ७८.५१ | ८६.१२ | ७१.६० |
| सिम्ता गाउँपालिका | ५०९४ | २५८४५ | ६०६२ | २४०८३ | १०६२० | १३४६३ | ३.९७ | ७८.८८ | -०.६८ | १०० | ७६.५० | ८४.५१ | ७०.४२ |
| संस्थागत | ३३ | ७४८६ | ७१ | ४७१९ | ४०९५ | ६२४ | | | | | ९६.४९ | ९७.२६ | ९१.३७ |
| जम्मा | ७२८६३ | ३५०८०४ | ९७८९३ | ४१५१२६ | १९९७४० | २१५३८६ | ४.२४ | ९२.७४ | १.६२ | १६९ | ८२.७१ | ८९.२६ | ७६.७७ |

## तालिका ४: नेपाल र कर्णाली प्रदेशका विभिन्न सूचकहरुको तुलनात्मक अवस्था

| जनसांख्यिक सुचकहरु | नेपाल | कर्णाली |
|---|---|---|
| जम्मा जनसंख्या | २९१६४५७८ | १६८८४१२ |
| पुरुष | १४२५३५५१ | ८२३७६१ |
| पुरुष (%) | ४८.८७ | ४८.७९ |
| महिला | १४९११०२७ | ८६४६५१ |
| महिला (%) | ५१.१३ | ५१.२१ |
| लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या | ९५.५९ | ९५.२७ |
| अन्य लिङ्गीको जनसंख्या | २९२८ | ८१ |
| वार्षिक जनसंख्या वृद्धिदर | ०.९२ | ०.७० |
| सबैभन्दा बढी वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | भक्तपुर (३.३५) | सुर्खेत (१.६२) |
| सबैभन्दा कम वार्षिक जनसंख्या वृद्धिदर भएको जिल्ला (%) | रामेछाप (-१.६७) | दैलेख (-०.३५) |
| जनघनत्व (प्रति वर्ग कि.मी. जनसंख्या) | १९८ | ६० |
| कुल परिवार संख्या संस्थागत समेत | ६६६६९३७ | ३६६२५५ |
| परिवारको औसत आकार (%) | ४.३७ | ४.६१ |
| परिवारको औसत आकार सबैभन्दा बढि भएको जिल्ला (%) | रौतहट (५.९४) | कालिकोट (५.४३) |
| परिवारको औसत आकार सबैभन्दा कम भएको जिल्ला (%) | गोरखा र दोलखा (३.४९) | सुर्खेत (४.२४) |
| नगरपालिकाको कुल जनसंख्या (%) | ६६.१७ | ५२.१ |
| गाउँपालिकाको कुल जनसंख्या (%) | ३३.८३ | ४७.९ |
| घर वा आवासीय एकाइको आफ्नै स्वामित्व (%) | ८६.० | ९४.० |
| खानेपानीको मुख्य स्रोत (अक्सर धारा/पाइप प्रयोग गर्ने परिवार) (%) | ५७.० | ८०.१ |
| खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार (%) | ५१.० | ८२.२ |
| बत्ती बाल्न अक्सर विजुली प्रयोग गर्ने परिवार (%) | ९२.२ | ४९.६ |

| जनसांख्यिक सुचकहरु | नेपाल | कर्णाली |
|---|---|---|
| शौचालयको सुविधा प्रयोग गर्ने परिवार (%) | ९५.५ | ९७.४ |
| परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुबै रहेको परिवार (%) | २३.८ | १२.५ |
| परिवारमा अनुपस्थित (अक्सर विदेशमा बस्ने) व्यक्ति | २१९०५९२ | ९४३२० |
| महिला परिवारमूली (%) | ३१.५५ | ३२.१ |
| **वैवाहिक अवस्था (१० वर्ष वा सो भन्दा बढी उमेरका)** | | |
| अविवाहित जनसंख्या (%) | ३३.१ | ३४.० |
| विवाहित जनसंख्या (%) | ६१.८ | ६१.५ |
| विधुर/विधवा (%) | ४.५ | ४.० |
| पहिलो विवाह गर्दाको उमेर औसत वर्ष (Median Age) | १९ | १९ |
| **अपाङ्गताको जनसंख्या (%)** | | |
| जम्मा (%) | २.२ | ३.१ |
| पुरुष (%) | २.५ | ३.६ |
| महिला (%) | २.० | २.७ |
| साक्षरता दर (५ वर्ष वा सो भन्दा माथि) | | |
| जम्मा (%) | ७६.२ | ७६.१ |
| पुरुष (%) | ८३.६ | ८३.३ |
| महिला (%) | ६९.४ | ६९.४ |
| **आर्थिक काम गरेको अवधि** | | |
| ६ महिना वा सो भन्दा बढी आर्थिक काम गरेका (%) | ४१.० | ४२.५ |
| ३-६ महिना आर्थिक काम गरेका (%) | ११.४ | १४.१ |
| ३ महिना भन्दा कम आर्थिक काम गरेका (%) | १०.१ | १२.७ |
| कुनै पनि आर्थिक काम नगरेका (%) | ३७.५ | ३०.८ |
| आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार कृषि, वन र माछापालन क्षेत्रमा संलग्न जनसंख्या (%) | ५७.३ | ७३.७ |
| आर्थिक काम नगर्नुको कारण (विद्यार्थी) (%) | ४६.९ | ६३.२ |
| बालबालिकाको जन्मदर्ता सम्बन्धी अवस्था (%) | ७४ | ८७.३ |